देवानगंज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवानगंज, सुनसरी
१ नं. प्रदेश, नेपाल


प.स : २०७६/०७७  मिति : २०७७/०३/०३
च.न. : 2458

# सूचना ! सूचना !! सूचना !!!

सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐनको दफा ४ अनुसार देवानगञ्ज गाउँपालिकाको सार्वजनिक स्थलहरु, सरकारी कार्यालय, शिक्षण संस्था, सार्वजनिक सवारी साधन, बालगृह, सार्वजनिक शौचालय, उद्योग कलकारखाना, मनोरञ्जन स्थल, खेलकुद स्थल, व्यवसाय स्थल, धार्मिक स्थल ,सार्वजनिक सवारी तथा प्रतिक्षालयमा धुम्रपान र सूर्तिजन्य पदार्थ सेवन गर्न नपाईने भनि तोकिएका स्थानहरुमा धुम्रपान तथा सूर्ति सेवन गर्न पूर्णतः निषेध गरिएको छ ।

उक्त ऐनको दफा ११ अनुसार कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था ,बाल कल्याण गृह ,शिशु-स्याहार केन्द्र, वृध्दाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तिमा पनि एक सय मिटर परिधिभित्रको घर,पसल आदिबाट सूर्तिजन्य पदार्थ बिक्रि वितरण गर्न गराउन पाईने छैन । साथै १८ बर्ष उमेर नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्रि वितरण गर्न वा गर्न लगाउन नपाईने व्यवस्था समेत जानकारी गराईन्छ ।

देवानगञ्ज गाउँपालिका भित्र यस्ता क्रियाकलाप गरेको कहिँ कतै पाईएमा यस विषयमा अनुगमन गर्न खटिएको टोलीले तत्काल प्रचलित कानुन वमोजिम कारवाही गर्ने व्यहोरा जानकारी गराईन्छ ।

(हस्ताक्षर) प्रसाद 77/3/3
..............................
लाली प्रसाद मेहता
अध्यक्ष

लाली प्रसाद मेहता
अध्यक्ष

Scanned with CamScanner